नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या :
चलानी नं. :

## प्रेश विज्ञप्ति

आज मिति २०७७ माघ २५ गते आइतबार ८७ हजार ६ सय ७० कारोबारमा १० अर्ब ४४ करोड १९ लाख ५१ हजार ३ सय ४ रुपैयाँ बराबरका १ करोड ७७ लाख ३६ हजार ७ सय ३४ कित्ता सेयर किनबेच भएका छन् । यसैगरी समग्र सेयर बजार परिसूचक नेप्से यस दिन २५२४ विन्दु कायम भएको छ । कारोबार रकम तथा बजार परिसूचकका आधारमा धितोपत्रको दोस्रो बजारमा कायम भएको नयाँ कीर्तिमान हो ।

हालसम्म अनलाइनमार्फत कारोबार गर्नका लागि ३ लाख २७ हजारभन्दा बढी लगानीकर्ताले युजरनेम र पासवर्ड लिएका छन । आजको कारोबारमा ५० हजार ९ सय २३ लगानीकर्ता सहभागी थिए । यस दिन भएको कारोबारमध्ये ८०.०६ प्रतिशत कारोवार अनलाइनमार्फत भएको हो । पछिल्लो समय लगानीकर्ताहरुले दोस्रो बजार कारोबारमा उत्साहजनक सहभागिता जनाउँदै आएका छन् । यसको निरन्तरताका लागि दोस्रो बजार कारोबार सेवालाई सहज, सुरक्षित, विश्वसनीय तथा पारदर्शी बनाउने नेप्सेको उद्देश्य अनुरुप प्राविधिक, नीतिगत तथा संस्थागत पूर्वाधारहरुमा सुधार गरिएको छ । साथै लगानीकर्ताहरुको लगानीको हित संरक्षणका लागि नेप्से सदैव तत्पर रहेको छ । यसरी नेप्सेको कार्यमा सदैव सहयोग गर्नुहुने नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, सम्पूर्ण सदस्य दलाल लगायतका सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्दै सम्पूर्ण लगानीकर्ताहरुलाई हार्दिक बधाई तथा शुभकामना प्रदान गर्दछौं ।

मिति:२०७७/१०/२५

आकृति दंगाल
सह-प्रवक्ता

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538/Toll Free No. : 16600125025
website : www.nepalstock.com/ www.nepalstock.com.np
email : info@nepalstock.com
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.